# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

गण्डकी प्रदेश, नेपाल।

☎: 067 – 411101, 067 – 411102
✉: info@paiyunmun.gov.np
✉: paiyungapa@gmail.com
: www.paiyunmun.gov.np


प.सं : २०८२/०८३

च.नं :

## सहकारी संस्थाहरुलाई साधारणसभा गर्ने सम्बन्धी सूचना !

(मितिः-२०८२।०८।०४)

पैयूँ गाउँपालिकाको सहकारी ऐन २०७५ को दफा २८ (२) अनुसार यस गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र पर्ने सबै सहकारी संस्थाहरुले मिति २०८२ पौष मसान्त भित्र तपसिलको काम,कर्तव्य र अधिकारको परिधिभित्र रही आफ्नो संस्थाको वार्षिक साधारणसभा गर्नुहुन अनुरोध छ। सो अवधिमा साधारणसभा नगर्ने सहकारी संस्थाहरुलाई पैयूँ गाउँपालिकाको सहकारी ऐन २०७५ बमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाइने ब्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

पैयूँ गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा २७ बमोजिम वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकारः

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

२०८२/०८/०४

(जिवन गैरे)

प्रमुख प्रशासकीय अधिकृत